आज मिति २०७६ साल चैत्र ५ गते बुधबारका दिन दिनको ठिक २:०० बजे यस नगरपालिकाको ४६ औं कार्यापालिका बैठक नगरप्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बैठक प्रारम्भ गरियो ।

| हस्ताक्षर | पद | नामथर | कैफियत |
|---|---|---|---|
| | नगरप्रमुख/अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| | उप-प्रमुख | श्री धनमाया तामाङ | |
| | कार्यपालिका सदस्य | श्री विनोदबहादुर बस्नेत | |
| | कार्यपालिका सदस्य | श्री डोरीलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री जीवनप्रसाद ढुंगाना | |
| | कार्यपालिका सदस्य | श्री शैलेन्द्र श्रेष्ठ | |
| | कार्यपालिका सदस्य | श्री रामप्रसाद रिजाल | |
| | कार्यपालिका सदस्य | श्री जीवनकुमार राई | |
| | कार्यपालिका सदस्य | श्री चैतन्यप्रसाद सिटौला | |
| | कार्यपालिका सदस्य | श्री खेमप्रसाद न्यौपाने | |
| | कार्यपालिका सदस्य | श्री राजकुमार कार्की | |
| | कार्यपालिका सदस्य | श्री राजेन्द्रबहादुर थापा | |
| | कार्यपालिका सदस्य | श्री विशनलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री रोशनप्रसाद ढकाल | |
| | कार्यपालिका सदस्य | श्री सिता नेपाली | |
| | कार्यपालिका सदस्य | श्री हेमकुमारी विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री उमादेवी गुरुङ | |
| | कार्यपालिका सदस्य | श्री तारा घिमिरे | |
| | कार्यपालिका सदस्य | श्री उर्मिला शर्मा रिजाल | |
| | कार्यपालिका सदस्य | श्री भक्तकिरण राई | |
| | कार्यपालिका सदस्य | श्री हर्कराज परियार | |
| | कार्यपालिका सदस्य | श्री रामलाल गच्छदार | |
| | सचिव | श्री दामोदर चापागाई | |
| आमन्त्रित : | | | |
| | लेखा अधिकृत | श्री शेखर ढकाल | |
| | अधिकृत स्तर छैठौं | लक्ष्मि पोखरेल | |
| | लेखापाल | श्री शालिग्राम दाहाल | |

| | | | |
|---|---|---|---|
| | ईन्जिनियर | श्री राकेश रोशन | |
| | नायब सुब्बा | श्री रोहित निरौला | |
| | लेखापाल | श्री पुण्यप्रसाद ढकाल | |
| | क.अ. | श्री बाबुराम भट्टराई | |
| | क.अ. | श्री निरज न्यौपाने | |
| | कार्यालय सहायक | श्री दिपक बजगाई | |
| | कार्यालय सहायक | श्री विजयराज श्रेष्ठ | |
| | कार्यालय सहयोगी | श्री उमा कटुवाल | |
| | कार्यालय सहयोगी | श्री सूर्यप्रसाद पोखरेल | |
| | नगरप्रमुखको अंगरक्षक | श्री फुर्वा शेर्पा | |
| | | | |
| | | | |
| | | | |

४६ औं कार्यपालिका बैठकको निर्णयहरु (२०७६/१२/०६ गते दिनको २ बजे)

**प्रस्ताव नं. १ : पाँचौ नगरसभा सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. १ माथि छलफल गर्दा १ नं. प्रदेश गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा ३(१) वमोजिम सुन्दरहरैंचा नगरपालिकाको पाचौं नगरसभा मिति २०७६/१२/०९ गते गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : गोठगाउँ चौक उत्तर तथा दक्षिण तर्फको सडक खण्डको मापदण्ड सम्बन्धमा ।**

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा तपसिल बमोजिमका सडकहरु निर्माण गर्ने क्रममाा विवाद सिर्जना भएकोले उल्लेखित विवादका सम्वन्धमा गोठगाउँ देखि पूर्वाञ्चल विश्वविद्यालयसम्मको उत्तर दक्षिण सडक र विश्वविद्यालय जाने पूर्व पश्चिम सडक खण्डको चौडाई ५५ फिट कायम गर्ने निर्णय गरियो । साथैं तपशिलमा उल्लेखित सडक खण्डको सँग सम्वन्धित विवाद समाधानार्थ सम्वन्धित वडाका वडा अध्यक्षहरु डोरीलाल चौधरी, चैतन्यप्रसाद सिटौला र विसनलाल चौधरी सहितको तिन सदस्यीय समिति गठन गर्ने र उल्लेखित समितिले आजका मितिले ७ दिन भित्र सडकको मापदण्ड निर्धारण गरी आवश्यक कारवाहीका अगाडी बढाउन निर्देशन दिने र तोकिएको समयावधि भित्र विवाद समाधान नभएमा तपसिलमा उल्लेखित सडकको चौडाई ५५ फिट कायम गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. गोठगाउँ पत्थरघट्टा हुँदै मृगौलिया बजार सम्म जाने सडक ।

२. बाघझोडा देखी विश्वविद्यालय जाने सडक ।

**प्रस्ताव नम्बर ३ : एन्फा एकेडेमीको ट्रेनिङ्ग सेन्टर निर्माण गर्ने सम्बन्धमा ।**

प्रस्ताव नम्वर ३ माथि छलफल गर्दा एन्फा एकेडेमी नेपालले प्रदेश नं. १ मा खेलको ट्रेनिङ सेन्टर निर्माणका लागि यस नगरपालिका सँग करिब ५ विगाह जग्गा माग गरि प्रस्ताव पेश गरेको हुदाँ यस नगरपालिकाको वडा नं. १० स्थित तत्कालिन सट्टा भर्ना आयोगवाट विभिन्न व्यक्तिहरुलाई वितरण गरी बाँकी रहेको अन्दाजी ४ विगाह १० कठ्ठा जग्गा साविक कोशीहरैंचा नगरपालिकाले घेरावारा गरी त्यहाँ वसोवास गरेका सुकुम्वासीहरुलाई अन्यन्त्र व्यवस्थापन गरी राखिएको उक्त जग्गा प्रचलित कानुन वमोजिम हुने गरि राष्ट्रिय खेलकुल परिषदले एन्फा एकेडमी निर्माणका लागि सहमती प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : प्रस्तावित इन्द्रपुर रंगशाला, डाटा सेन्टर तथा लाटिभोडाको खेल मैदान सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सुन्दरहरैंचा नगरपालिका वडा नं. १० मा अवस्थित प्रस्तावित इन्द्रपुर रंगशालामा अन्तराष्ट्रिय स्तरको खेल मैदान तथा सुन्दरहरैंचा नगरपालिका वडा नं. ५ मा अवस्थित लाटिभोडा खेल मैदानमा त्रिकेट रंगशाला निर्माणका लागि जग्गा प्राप्ती समिति मार्फत नेपाल सरकार सँग अनुरोध गर्ने तथा आवश्यक प्रकृया अगाडि वढाउन नगरकार्यपालिकाको कार्यालयलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथैं यस नगरपालिका क्षेत्र भित्र सूचना प्रविधि तथा सञ्चार मन्त्रालयले डाटा सेन्टर निर्माण गर्नका लागि प्रस्ताव पेश भई आएको हुदाँ सुन्दरहरैंचा नगरपालिका वडा नं. ८ र ९ मा अवस्थित वनको खालि जग्गामा उक्त डाटा सेन्टर निर्माणका लागि सम्वन्धित मन्त्रालय तथा निकायमा माग गर्ने तथा यस नगरपालिकाको तर्फबाट उक्त डाटा सेन्टर निर्माणका लागि सहमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : सार्वजनिक नीजि साझेदारीको माध्यमबाट फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको वढ्दो सहरीकरण तथा बसाईसराईको दर हेर्दा हाल नगरकार्यपालिकाको कार्यालयको मात्र पहलवाट फोहोरमैला व्यवस्थापन गर्ने कार्य अत्यन्त जटिल बन्दै गएको अवस्थालाई मध्यनजर गर्दै सार्वजनिक नीजि साझेदारीको माध्यमवाट फोहोरमैला व्यवस्थापन गर्नका लागि हाललाई लिब्रा कम्पनीलाई प्रि-फिजिविलिटि तयारका लागि आवश्यक प्रकृया अगाडी बढाउन अनुमति दिने साथै परियोजना विवरण प्राप्त पश्चात फोहोरमैला व्यवस्थापनका लागि उक्त कम्पनीलाई उत्तरी मोरङका ६ पालिकाहरुको निर्णय वमोजिम आवश्यक जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ कर्मचारीको स्थायी नियुक्ति अनुमोदन सम्वन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा लोकसेवा आयोगको कार्यालय धनकुटाको च.नं. १००५ मिति २०७६।१२।२ को सिफारीस अनुसार यस कार्यालयमा हाजिर हुन आएका ईन्जिनियरीङ सेवा, सर्वे समूह अमिन चौथो तहका स्थायी ठेगाना भद्रपुर ६ झापा भएका श्री भूवन राजवंशीको यस कार्यालयको मिति २०७६।१२।०३ को निर्णयानुसार गरीएको स्थायी नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

**प्रस्ताव नं. ७ : राजश्व संकलनमा दण्ड तथा पुरस्क्रार ब्यवस्था सम्वन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा हाललाई उक्त एजेण्डामाथि कुनै पनि छलफल नगरी एजेण्डा स्थगित गरियो ।

**प्रस्ताव नं. ८ : वडा कार्यालय ब्यवस्थापनका लागि जिल्ला समन्वय समितिसँग बजेट माग सम्वन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरक्षेत्र भित्र रहेका साविकमा आफ्नै जग्गामा बनेका भवनमा सञ्चालनमा रहेका वडा कार्यालयहरु (२, ६ र ८) को भवन मर्मत सम्भारका लागि पहिलो प्राथमिकतामा राखि प्राविधिक लागत अनुमानका आधारमा लगानी गर्ने गरि तथा हाल जग्गा प्राप्ती भएका (५, ९ र ११) वडा कार्यालयहरुको भवन निर्माणका लागि आवश्यक रकम जिल्ला समन्वय समितिको कार्यालय मोरङसँग माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : गोपीचन पैनी निर्माण सम्वन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा तराई मधेष समृद्धि कार्यक्रम अर्न्तगत स्वीकृत सुन्दरहरैंचा नगरपालिका वडा नं. ४ र ६ मा रहेको गोपीचन पैनी निर्माणको लागि ४ नं. वडा कार्यालय र ६ नं. वडा कार्यालयको समन्वयमा साविकमा बगि रहेको स्थान र दुवैको सिमानामा पर्ने गरि उपभोक्ता समिति मार्फत निर्माणको प्रकृर्या अगाडी बढाउनको लागि नगरकार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै वडा नं. ७ गणेशपुर देखि गछियासम्मको डुबान क्षेत्रलाई निकाशको लागि सडक डिभिजन कार्यालय विराटनगरलाई सिफारिस गरि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : सडक तथा पूल पूलेसा निर्माण सम्वन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा सडक तथा पूल पूलेसा शिर्षक अन्तर्गत विनियोजन भएको रकम बाट पूल तथा कल्भर्ट निर्माण गर्ने कार्यका लागि प्राविधिक लागत अनुमान तयार गरी प्रति वडा बढीमा रु १५ लाखका दरले विनियोजन गर्ने निर्णय गरीयो । साथै तपसिलमा उल्लेखित सडक तथा पूल/कल्भर्ट निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नका लागि आबश्यकतानुसार बजेट विनियोजन गर्ने र उक्त प्रतिवेदन तयार भए पश्चात उल्लेखित आयोजना संचालनका लागि प्रदेश सरकार समक्ष बजेट माग गर्ने निर्णय गरीयो ।

तपसिलः

१. तेलिया खोला बाध निर्माण ।

२. जोगियारे ग्रामथान पूल ।

३. हरैंचा शान्ति तिम्सीनाको घरदेखी बेलवारी जोड्ने सडक निर्माण ।

प्रस्तावित एजेण्डाको निर्णयमा पुग्नका लागि समय अभावको कारणले भोली मिति २०७६/१२/०६ गते विहिबार दिनको ठिक २ बजे पुनः बैठक बस्ने गरि आजको बैठक स्थगित गरियो ।